annapurnapost.com
अन्नपूर्ण पोस्ट
वर्ष २५, अंक ३०, पृष्ठ ८ | काठमाडौं, शनिबार १६ जेठ २०८३ | ज्येष्ठ शुक्लपक्ष चतु… AY, MAY 30, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०




आवरण समाचार

# लगानीमैत्री बजेट, कसरी जुट्ला स्रोत ?

सरकारले आगामी आर्थिक वर्षका लागि २१ खर्ब २४ अर्ब रुपैयाँको ठूलो आकारको बजेट ल्याएको छ। राष्ट्रिय योजना आयोगले तोकेको सीमा नाघेर ल्याइएको बजेट कार्यान्वयनको मुख्य चुनौती स्रोतको सुनिश्चितता रहेको छ। भलै, घाटाकै बजेट भए पनि शिथिल बनेको अर्थतन्त्र चलायमान र लगानीको वातारण बनाउन बजेटले भूमिका खेल्ने विज्ञको भनाइ छ।

**सुनिता कार्की** | *काठमाडौं*

समाचार पृष्ठ २




## मन्त्रालयगत बजेट

- प्रधानमन्त्री कार्यालयः ७ अर्ब ४८ करोड
- अर्थ मन्त्रालयः ८४ अर्ब ७३ करोड
- उद्योग, वाणिज्य तथा आपूर्ति : ९ अर्ब ३४ करोड
- ऊर्जा, जलस्रोत तथा सिँचाइः १ खर्ब १४ अर्ब २ करोड
- कानुन, न्याय तथा संसदीय मामिला : ९८ करोड
- कृषि, वन तथा पर्यावरणः ७३ अर्ब १२ करोड
- गृह मन्त्रालयः १ खर्ब ८ अर्ब ३२ करोड
- संस्कृति, पर्यटन तथा नागरिक उड्डयनः १० अर्ब ९३ करोड
- परराष्ट्रः ८ अर्ब ७३ करोड
- विज्ञान, प्रविधि तथा नवप्रवर्तनः ४ अर्ब
- पूर्वाधार विकास मन्त्रालयः ३ खर्ब ०२ अर्ब ८३ करोड
- रक्षाः ६४अर्ब ९६ करोड
- शिक्षा तथा खेलकुदः २ खर्ब १८ अर्ब
- सूचना तथा संचार मन्त्रालयः ५ अर्ब ९३ करोड
- भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासनः १४ अर्ब ९४ करोड
- स्वास्थ्य तथा खाद्य स्वच्छताः ९६ अर्ब ४३ करोड
- युवा, श्रम तथा रोजगारः ३ अर्ब ६२ करोड
- महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षाः १ खर्ब २२ अर्ब ६१ करोड

## वित्तीय हस्तान्तरण

| प्रदेश | स्थानीय तह |
|---|---|
| वित्तीय समानीकरण **६१ अर्ब ५० करोड** | वित्तीय समानीकरण **९० अर्ब २० करोड** |
| समपूरक **४ अर्ब ६० करोड** | समपूरक **८ अर्ब ९३ करोड** |
| विशेष **३ अर्ब ८२ करोड** | विशेष **९ अर्ब ४० करोड** |
| ससर्त **३९ अर्ब ७२ करोड** | ससर्त **२ खर्ब ६ अर्ब ८ करोड** |

प्रतिव्यक्ति आम्दानी **१,५३५ डलर**

जीडीपी वृद्धि लक्ष्य **७ प्रतिशत**

## मुख्य १० नीतिगत विशेषताहरू

१ **आयकरमा छुटः** १० लाखसम्मको आम्दानीमा शून्य कर, व्यक्तिगत आयकरको अधिकतम दर ३९ प्रतिशतबाट घटाएर २९ प्रतिशत कायम।

२ **एआई केन्द्रः** स्युचाटारमा एआई कम्प्युटिङ हब स्थापना, जलविद्युत्द्वारा सञ्चालित, स्टार्टअपहरूका लागि सहुलियतपूर्ण पहुँच।

३ **सार्वभौम सम्पत्ति कोषः** विदेशी मुद्रा सञ्चिति (३.४९ खर्ब)लाई नयाँ संरचनात्मक सार्वभौम सम्पत्ति कोषमार्फत परिचालन गरिने।

४ **टेलिकमको सेयर बिक्रीः** नेपाल टेलिकममा सरकारले ६६ प्रतिशत सेयर राख्ने, बाँकी सेयर सर्वसाधारणलाई वितरण गरिने।

५ **कर विवाद समाधानः** १ प्रतिशत अतिरिक्त शुल्क बुझाएमा अदालतका मुद्दाहरू बन्द गरिने, जरिवाना, ब्याज र हर्जाना मिनाहा।

६ **पैतृक सम्पत्ति कर खारेजः** उत्तराधिकार वा पैतृक सम्पत्ति हस्तान्तरणलाई आयकर ऐनको दफा ५७ बाट मुक्त गरिने।

७ **मन्त्रालय तथा निकाय पुनर्संरचनाः** ३१ वटा निकायहरू खारेज; ६ वटा गाभिएका, २० अर्ब बचत गर्ने लक्ष्य।

८ **वैदेशिक प्रत्यक्ष लगानी र गैरआवासीय नेपाली लगानीः** स्वीकृति र फिर्ता लैजाने प्रक्रियामा कानुनी सुधार; गैरआवासीय नेपालीहरूलाई दोस्रो बजारमा प्रवेश अनुमति।

९ **नयाँ वित्तीय उपकरणहरूः** जनवरी २०२७ भित्र डायस्पोरा बन्ड, हेज फन्ड, अपसोर बन्ड र सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना गरिने।

१० **निजामती कर्मचारीको तलब वृद्धिः** ४ वर्षपछि २१ प्रतिशत तलब वृद्धि; बाल पोषण भत्ता दोब्बर।

# चार वर्षपछि कर्मचारीको तलब बढ्यो, न्यूनतम पारिश्रमिक ४० हजार नाघ्ने

**अन्नपूर्ण** | *काठमाडौं*

चार वर्षपछि सरकारी कर्मचारीको तलब वृद्धि भएको छ। आर्थिक वर्ष २०८३/०८४ को बजेट प्रस्तुत गर्दै अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले शुक्रबार कर्मचारीको सुरु स्केलमा १० प्रतिशत तलब वृद्धि गरिएको घोषणा गरेका हुन्।

सरकारले हाल दिँदै आएको महँगी भत्तालाई निरन्तरता दिँदै कार्यसम्पादनमा आधारित पारिश्रमिक प्रणालीको समेत सुरुवात गर्ने भएको छ। नयाँ व्यवस्थाअनुसार कर्मचारीलाई नयाँ तलबमानको १० प्रतिशत मासिक प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ।

तलब वृद्धि, ग्रेड तथा प्रोत्साहन भत्ता जोड्दा कर्मचारीको हालको पारिश्रमिकमा करिब २१ प्रतिशत खुद वृद्धि हुने अर्थमन्त्री वाग्लेले जानकारी दिए। यसपछि ग्रेडसहित न्यूनतम पारिश्रमिक करिब ४० हजार रुपैयाँदेखि १ लाख रुपैयाँभन्दा माथिसम्म पुग्ने उनले बताएका छन्। अर्थमन्त्री वाग्लेले पछिल्लो चार वर्षदेखि कर्मचारीको तलब वृद्धि नभएको र यस अवधिमा उपभोक्ता मूल्य सूचकांकका आधारमा १७.३ प्रतिशतसम्म मूल्यवृद्धि भएको उल्लेख गरे। उनले मर्यादित जीवनयापनका लागि पारिश्रमिक पुनरावलोकन आवश्यक भएको पनि बताएका छन्। नयाँ तलब स्केल २०८३ साउन १ गतेदेखि लागू हुनेछ।

सरकारले सुशासन र प्रशासन सुधारका विभिन्न कार्यक्रम पनि अघि सारेको छ। स्वार्थको द्वन्द्वसम्बन्धी कानुन तर्जुमा गरेर नीतिगत भ्रष्टाचार अन्त्य गर्ने, सरकारी कार्यालयमा डिजिटल टाइमकार्ड लागू गर्ने तथा 'हेलो सरकार' संयन्त्रलाई सरकार-नागरिक संवादको प्रभावकारी प्लेटफर्मका रूपमा विकास गर्ने घोषणा बजेटमा गरिएको छ।

राष्ट्रिय परिचयपत्रलाई सार्वजनिक सेवा प्रवाहको आधारभूत परिचयपत्र बनाउने र मालपोत, यातायात, राहदानी, सामाजिक सुरक्षालगायत सेवा प्रणालीलाई त्यससँग आबद्ध गर्ने योजना पनि सरकारले अघि सारेको छ।

### कुन तहका कर्मचारीको तलब अब कति ?

| तह | हाल आधारभूत तलब | बढेको तलब | वृद्धि भएपछिको तलब | प्रोत्साहन भत्ता | महँगी भत्ता | कुल पारिश्रमिक |
|---|---|---|---|---|---|---|
| मुख्य सचिव | ७७,२११ | ७,७२१ | ८४,९३२ | ८,४९३ | ५,००० | ९८,४२५ |
| सचिव | ७२,०८२ | ७,२०८ | ७९,२९० | ७,९२९ | ५,००० | ९२,२१९ |
| सहसचिव | ५६,७८७ | ५,६७८ | ६२,४६५ | ६,२४६ | ५,००० | ७३,७१२ |
| उपसचिव | ४७,३७७ | ४,७३७ | ५२,११० | ५,२११ | ५,००० | ६२,३२१ |
| अधिकृत | ४३,६८९ | ४,३६८ | ४८,०५७ | ४,८०५ | ५,००० | ५७,८६२ |
| नासु | ३४,७३० | ३,४७३ | ३८,२०३ | ३,८२० | ५,००० | ४७,०२३ |
| खरिदार | ३२,९०१ | ३,२९० | ३६,१९१ | ३,६१९ | ५,००० | ४४,८१० |
| सहायक | २७,६११ | २,७६१ | ३०,३७२ | ३,०३७ | ५,००० | ३८,४०९ |

# ३१ निकाय खारेज, ६ निकाय मर्जर



**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

सरकारले विद्यमान बोझिलो प्रशासनिक संरचनालाई चुस्त र परिणाममुखी बनाउने उद्देश्यसहित ठूलो संगठनात्मक पुनर्संरचना गर्ने घोषणा गरेको छ। अर्थमन्त्री स्वर्णिम वाग्लेले शुक्रबार संघीय संसद्मा प्रस्तुत गरेको बजेटमा अब विभाग, कार्यालय तथा दरबन्दी कटौतीमार्फत प्रशासनिक खर्च घटाउने नीति लिइएको बताए। संघीय मन्त्रालयको संख्या २२ बाट घटाएर १८ कायम भइसकेको छ।

कटौतीबाट बचत हुने रकमलाई प्रशासनिक क्षमता अभिवृद्धि र सेवा प्रवाह सुधारमा उपयोग गर्ने बजेटमा उल्लेख छ। यसैअन्तर्गत ३१ निकाय खारेज, ६ निकाय मर्जर, ६ निकाय हस्तान्तरण तथा १८ निकायको पुनर्संरचना गरिने उल्लेख छ।

अर्थमन्त्री वाग्लेले सार्वजनिक गरेको बजेट वक्तव्यमा प्रशासनलाई दक्ष, परिणाममुखी र जवाफदेही बनाउन संरचनागत सुधारलाई प्राथमिकता दिइएको बताएका छन्।

यसैबीच, कर्मचारीतन्त्रलाई मर्यादित जीवनयापन गर्न सक्षम बनाउने उद्देश्यसहित निजामती, जंगी, प्रहरी तथा शिक्षकहरूको सेवा सुविधा क्रमिक रूपमा वृद्धि गरिने व्यवस्था मिलाइएको बजेटमा उल्लेख छ।

» बाँकी पृष्ठ ६